स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना


NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक





चलचित्र विकास बोर्डले 'चलचित्रकर्मी दक्षता अभिवृद्धि वर्ष २०८२' को अवसरमा नेपाली फिल्म क्षेत्रका अभिनय कलाकारको सीप विकास गर्ने उद्देश्यसहित एकहप्ते घोडचढी तालिम थालेको छ । एक्सन तथा साहसिक फिल्मको निर्माणमा घोडाचढीलाई अत्यावश्यक सीपका रुपमा लिइँदै आएको वर्तमान सन्दर्भमा कलाकार तथा स्टन्ट आर्टिस्टलाई सुरक्षित, अनुशासित तथा व्यावसायिक बनाउने लक्ष्यसहित तालिम सञ्चालन गरिएको हो ।

**आजको विचार...**



निर्वाचन...
(दुई पेजमा)

नवराज सापकोटा

२०८० सालको सुपरहिट फिल्ममध्ये एक हो, 'दिमाग खराब'। झन्डै ९ करोड रुपैयाँ ग्रस व्यापार गरेको यो फिल्मको विषयवस्तुलाई लिएर त्यसबेला ठूलो चर्चा र बहस भएको थियो। कतिपयले रास्वपा र बालेन शाहका लागि निर्देशक निश्चल बस्नेतले फिल्म बनाएको आरोप समेत लगाएका थिए। किनकि, फिल्मले वैकल्पिक राजनीति र स्वतन्त्र उम्मेदवारको पक्षमा वकालत गरेको छ। सोही फिल्म गत शुक्रबार युट्युबमा सार्वजनिक भएको छ।

❒ वर्ष ३१ अंक १९५ ❒ २०८२ माघ २८ गते बुधबार 11 February 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# रामेछाप बस दुर्घटना : १२ जनाको मृत्यु, आठ घाइते

रासस

**रामेछाप, माघ २७** / रामेछाप सदरमुकाम मन्थली नजिक बस दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको छ । काठमाडौँबाट ओखलढुङ्गा जाँदै गरेको अरनिको यातायातको प्रदेश ०३-०१-००५ ख ९९७५ नम्बरको बस मंगलबार रामेछाप मन्थली नगरपालिका-६ मसानटारस्थित सडकमा दुर्घटना हुँदा १२ जनाको मृत्यु भएको हो ।

ज्यान गुमाएका १२ जनामध्ये १० जनाको मात्र सनाखत भएको प्रहरीले जनाएको छ । मृत्यु हुनेमा रामेछापको लिखु तामाकोशी गाउँपालिका-७ का ३८ वर्षीय भीमबहादुर तामाङ, सोही वडाकी ३५ वर्षीया सानुमाया तामाङ, २६ वर्षीया रमिता तामाङ र ३१ वर्षीया तारा तामाङ, लिखु तामाकोशी-४ की २२ वर्षीया बबी तामाङ र २६ वर्षीय दीपेन्द्र बस्नेत, लिखु



तामाकोशी-६ का दीपेश बस्नेत र लिखु-६ की ४५ वर्षीया मानकुमारी बरुवाल, सिन्धुलीको गोलन्जोर गाउँपालिका-६ का ३४ वर्षीय शिव श्रेष्ठ र दोलखाको भीमेश्वर नगरपालिका-८ का ६० वर्षीय मानबहादुर तामाङ रहेका मन्थली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा केशवसिंह धामीले जानकारी दिए । मृतक दुई जनाको सनाखत हुन बाँकी रहेको उनले बताए । रामेछापका प्रहरी नायव उपरीक्षक भोला भट्टका अनुसार उक्त दुर्घटनामा बसका चालकसहित ८ जना घाइते भएका थिए । घाइतेको खुर्कोटस्थित शुभ जीवन अस्पताल, मन्थली अस्पताल र तामाकोशी अस्पतालमा उपचार भइरहेको छ । बस चालकलाई प्रहरीले नियन्त्रणमा लिएको उनले बताए । बसका बाँकी यात्रुको अझै खोजतलाश जारी रहेको प्रहरीले जनाएको छ । बस सडकबाट करिब एक सय मिटर तल तामाकोशी नदीमा खसेको हो ।

## संक्षिप्त समाचार

### अमेरिकी आक्रमणमा दुई जनाको मृत्यु

(रासस/क्यूएनए)

**वासिङ्टन,** माघ २७/पूर्वी प्रशान्त महासागरमा लागु-औषध तस्करीको आशङ्कामा एक डुङ्गालाई लक्षित गरी गरिएको अमेरिकी आक्रमणमा दुई जनाको मृत्यु हुनुका साथै एक जना घाईते भएको अमेरिकी सेनाले जनाएको छ । सेनाले यो आक्रमण समुद्री लागु-औषध तस्करीको बिरूद्ध चलिरहेको अभियानको एक स्वरुप भएको उल्लेख गरेको छ । अमेरिकी रक्षा विभागको सामाजिक सञ्जालको पेजमा पोस्ट गरिएको एक विज्ञप्तिमा युएस साउदर्न कमान्ड (साउथकम) ले संयुक्त टास्क फोर्स साउदर्न स्पियरले लागु-औषध तस्करी मार्गहरूमा अभियान सञ्चालन गरिरहेको र अवैध लागु औषध ओसार पसारमा संलग्न डुङ्गा माथि आक्रमण गरेको बताइएको छ । सन् २०२५ सेप्टेम्बरमा सुरु गरिएको "साउदर्न स्पियर" अभियान-अन्तर्गत क्यारिबियन सागर र पूर्वी प्रशान्त क्षेत्रमा संदिग्ध लागु औषध तस्करी गर्ने डुङ्गाहरू विरुद्ध अमेरिकी सैन्य कारबाहीको श्रृङ्खलामा आक्रमण भएको जनाइएको छ । अभियान सुरु भएदेखि भएको आक्रमणमा कम्तिमा १३० जना मारिएको रिपोर्ट गरिएको छ, भन कानुनी विशेषज्ञहरू र अधिकार समूहहरू बीच अन्तर्राष्ट्रिय जलमार्गमा त्यस्ता अपरेसनहरूको वैधानिकता र निरीक्षणको बारेमा बहस सुरु भएको छ ।

## भ्यालेन्टाइन सप्ताह : आज 'प्रमिस डे'




**पाल्पा,** माघ २७/अहिले 'भ्यालेन्टाइन वीक' चलिरहेको छ । ७ फेब्रुअरीबाट १४ फेब्रुअरीसम्म चल्ने भ्यालेन्टाइन विकको पहिलो दिन रोज डे मनाइएर मनाइएको छ ।

यस दिन विवाहित तथा अविवाहित जोडीले एकआपसमा गुलाब दिएर प्रेम अभिव्यक्त गरेका छन् । यस्तै ८ फेब्रुअरीको दिन प्रपोज डे अर्थात् प्रेम प्रस्ताव राख्ने दिन हो । त्यस दिनमा आफूले मन पराएको मान्छेलाई प्रेमका लागि खुलेर प्रस्ताव राखिन्छ । फेब्रुअरी ९ मा चकलेट डे, फेब्रुअरी १० टेडी डे मनाईएको छ । आज फेब्रुअरी ११ प्रमिस डे हो । प्रणय दिवस सप्ताहको पाचौँ दिनलाई 'प्रमिस डे' का रुपमा मनाइँने गरिन्छ । यो त्यो दिन हो जब प्रेममा डुबेका जोडीहरुले एक अर्काप्रतिको सम्बन्धलाई सधैँ प्यारो बनाइ राख्न बाचा गर्ने गर्दछन् । एक स्वस्थ र खुशी सम्बन्ध प्रेम र विश्वासमा अडिएको हुन्छ । सम्बन्धलाई प्रगाढ बनाउनका लागि जीवनसाथीमा भरोसा र उनको भावनाको इज्जत गर्न अति आवश्यक छ । हरेक वर्ष फेब्रुअरी १४ मा प्रणय दिवस मनाइँदै आइएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## पाल्पाको क्षेत्र नम्बर-२ मा काँग्रेसको निर्वाचन सम्पर्क कार्यालय उद्घाटन

**पाल्पा,** माघ २७/प्रतिनिधि सभा निर्वाचनको मिति आउन अब २२ दिन मात्र बाँकी रहँदा पाल्पामा चुनावी सरगर्मी बढेको छ । राजनीतिक दलहरुले आ-आफ्ना पक्षमा निर्वाचन माहोल बनाउन धमाधम सम्पर्क कार्यालय उद्घाटन गरेका छन् ।

नेपाली काँग्रेस पाल्पाले पनि क्षेत्र नम्वर २ को सम्पर्क कार्यालय उद्घाटन गरेको छ । नेपाली काँग्रेस क्षेत्र नम्वर २ ले मंगलबार एक औपचारिक कार्यक्रमकाबिच तानसेनमा सम्पर्क कार्यालय खोलेको हो । कार्यालयको नेपाली काँग्रेसका केन्द्रीय सदस्य राजेन्द्र गोपाल सिंह, निर्वाचन परिचालन समिति पाल्पाका संयोजक विरबहादुर रानाले संयुक्त रूपमा उद्घाटन गरेका हुन् । कार्यालयको उद्घाटन गर्दै प्रमुख अतिथि एवं केन्द्रीय सदस्य सिंहले कांग्रेस अबको सरकार र देश विकासको नेतृत्व गर्ने गरी




आफूलाई रुपान्तरण गर्दै गएको बताए । उनले कांग्रेसलाई बहुमतले जिताउनुपर्ने आवश्यकता औंल्याउँदै गगन थापालाई प्रधानमन्त्री बनाउन पाल्पाबाट हिमालदत्त श्रेष्ठको जीत अनिवार्य रहेको धारणा व्यक्त गरे । उनले नेपाली कांग्रेस देशकै अभिभावक पार्टी भएकाले मुलुकका हरेक समस्यालाई मर्यादित रूपमा समाधान गर्ने बताए । कांग्रेस कमजोर हुँदा देश नै कमजोर हुने भन्दै उनले प्रजातन्त्रमा विश्वास राख्ने सबै नागरिकलाई कांग्रेसमा आबद्ध भएर देशको सेवा गर्न आग्रह गरे ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## विज्ञानमा महिलाको पहुँच

**विश्वका विकसित मुलुकहरूमा विज्ञान, प्रविधि र अनुसन्धानका क्षेत्रमा महिलाको उपस्थिति कम छ । पछिल्लो समय नेपालमा समेत महिलाहरू विज्ञान, प्रविधि क्षेत्रमा अग्रसर भएको देखिए पनि उद्योग तथा प्रविधिको नेतृत्व तहमा पछि नै छन् । व्यवस्थापनमा महिलाहरू अगाडि भए पनि विज्ञानका पक्षमा पर्याप्त अग्रता लिन सकेका छैनन् । समाजमा अझै पनि महिलाले विज्ञान प्रविधिसँग सम्बन्धित तथा प्राविधिक काम गर्न सक्दैनन् भन्ने मान्यता व्याप्त छ । सरकारको योजनाबद्ध कार्यक्रम तथा डिजिटल साक्षरताको कमीले अझै पनि यो क्षेत्रमा महिलाहरू पछाडी नै छन् । दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच कम रहेकाले त्यहाँका महिलाको अवस्था झनै दयनीय छ ।**

**आधुनिक विश्वमा विज्ञान र प्रविधि अनि नवप्रवर्तनमा महिलाहरूको योगदानको कदर गर्ने र उनीहरुलाई विज्ञानको पहुँचमा पुऱ्याउन हरेक वर्ष फेब्रुअरी ११ मा विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाउने गरिन्छ । आज पनि विश्वभर यो दिवस मनाइँदै छ । दिवसले अनुसन्धान, विज्ञान तथा नूतन प्रविधिमा महिलाहरूको सहभागिता र पहुँचबिना समाज तथा राष्ट्रको सर्वागिण विकास हुन सक्दैन भन्ने यथार्थबोध गरेको देखिन्छ । तर सूचना-प्रविधि तथा उन्नयनको वर्तमान युगमा प्रविधिको प्रयोग र पहुँचमा रहेको लैंगिक असमानता साँच्चिकै भयंकर रहेको देखाउँछन् । अहिलेको अवस्थामा महिलाको सहभागिता संख्या ३० प्रतिशतभन्दा कम छ । यो आँकडाले नै महिला पछाडी परेको पुष्टि हुन्छ । प्रत्येक अभिभावकले लिंगका आधारमा छोराछोरीलाई भेदभाव गर्नु हुन्न । उनीहरूको इच्छा अनुसार शिक्षामा लगानी गर्नु अहिलेको आवश्यकता हो । यदि महिलालाई घर-परिवारले नै सहयोग गरेर शिक्षामा अगाडि ल्याउन सकियो भने विज्ञान-प्रविधिको क्षेत्रमा पनि उनीहरूको उपस्थिति बढ्छ । महिलाहरूले पनि विज्ञान र प्रविधिका क्षेत्रमा हस्तक्षेपकारी भूमिका खेल्नका लागि अठोट गर्न जरुरी छ । महिलाले पनि विज्ञान र प्रविधिमा महत्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यसैले पनि यी क्षेत्रमा उनीहरूको सहभागितालाई बलियो बनाउनुपर्छ भन्ने मान्यता स्थापित गर्न आवश्यक छ । महिलाको समान पहुँचलाई सुनिश्चित गर्न तथा अवसरका ढोका खोलिदिन सकियो भने मात्र विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ ।**

## Opinion @ Socia Network

व्याकरण मिलोस या नमिलोस
मेरो लागि खुसी को पर्यावाचि शब्द तिमी नै हो "आमा" ।

*(कृष्ण खड्काको फेसबुक स्टाटसबाट www.facebook.com/Krishna.Khakda)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# निर्वाचन घोषणापत्र र मानव अधिकार



**नवराज सापकोटा**

निर्वाचन लोकतान्त्रिक अभ्यासमात्र होईन, राजनीतिक दलले नागरिकसँग गर्ने सबैभन्दा ठूलो राजनीतिक सम्झौताको क्षण पनि हो । यही क्षणमा राजनीतिक दलहरूले आफ्ना प्राथमिकता, दृष्टिकोण र प्रतिबद्धतालाई घोषणापत्रमार्फत सार्वजनिक गर्दछन् । तर नेपालमा चुनावी घोषणापत्रहरू प्राय: लोकप्रिय नाराहरू, अधुरा वाचा र अल्पकालीन आकर्षणमा सीमित हुने गरेका छन् । यस प्रक्रियामा लोकतन्त्रको आत्मा र शासनको नैतिक आधारको रुपमा रहेको मानव अधिकारका सवाल अझै पनि दलिय घोषणापत्रको केन्द्रमा पर्न सकेको देखिँदैन । जब दलहरू निर्वाचनपछि संसद र सरकारको सत्तामा पुग्दछन्, उनीहरू राज्यका प्रतिनिधि मात्र होइनन्, मानव अधिकारको संरक्षण र संवर्द्धनका प्रत्यक्ष कर्तव्यपालक पनि बन्दछन्। त्यसैले निर्वाचन, घोषणापत्र र मानव अधिकारबीचको सम्बन्धलाई पुन:परिभाषित गर्नु आजको नेपालको लोकतान्त्रिक बहसको अनिवार्य आवश्यकता हो ।

**लोकतन्त्र र दलहरू**

लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू व्यक्ति व्यक्ति मिलेर बनेका सङ्गठन हुन् जसले लोकतान्त्रिक निर्वाचनमा उम्मेदवार प्रस्तुत गर्ने, राजनीतिक संस्थामा प्रतिनिधित्व गर्नुका साथै राजनीतिक शक्तिको प्रयोग गर्ने तथा सार्वजनिक मामिलाहरूमा भाग लिने लक्ष्य राख्दछन् । राजनीतिक दलहरू लोकतान्त्रिक समाजमा मुख्य अभिकर्ताहरू हुन् । दलको सदस्यता तथा मतदाताहरूको मतदानको माध्यमबाट छनौट भई नागरिकहरूको राजनीतिक जीवनमा सहभागी हुने राष्ट्रिय संसद निर्माण तथा सरकारलाई प्रभाव पार्न सक्ने क्षमताको माध्यमबाट नागरिकको अधिकार प्रत्याभूतीका लागि काम गर्दछन् । कुनै पनि देशमा राजनीतिक दलहरूको स्थापना र तिनीहरूको राम्रो कार्यसम्पादन तथा राजनीतिक विचार तथा प्रतिनिधित्वको आधारमा बहुलवादको सुनिश्चितता हुने गर्दछ । त्यसैले बहुलवाद लोकतान्त्रिक समाजको विशेषता र शर्त दुवै हो । सङ्गठनको रूपमा हेर्दा राजनीतिक दलहरू नागरिक समाजका हिस्सा हुन्।यस्ता सङ्गठनहरूले नै केन्द्रीय वा प्रादेशिक संसद र स्थानीय तहका नगर तथा गाँउ सभा र सरकारमा आफ्ना सदस्यहरूको निर्वाचन वा नियुक्ति मार्फत राज्य संरचनामा भाग लिने गर्दछन् । प्राय: एउटै राजनीतिक दल एकै साथ र समयमा पनि नागरिक समाज तथा राज्य संरचनाको भाग हुन सक्दछ । जब राजनीतिक दलका सदस्यहरूले संसद र सरकारमा बसेर राजनीतिक शक्तिको प्रयोग गर्दछन्, त्यो दल राष्ट्रिय मानव अधिकार प्रणाली भित्रको अधिकार बाहकहरूसँग प्रत्यक्ष रूपमा सम्बद्ध हुन्छ । यस्तो अवस्थामा दलको नागरिकप्रतिको मानव अधिकारको दायित्व पुरा गर्ने जिम्मेवारी हुन्छ । विशेषगरी सरकारको नेतृत्व गर्ने कुनै पनि दल वा संयुक्त सरकार बनेको अवस्थामा सरकारमा सहभागी दलहरूलाई मानव अधिकारप्रतिको प्रत्यक्ष दायित्व सिर्जना हुन्छ । नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी महासन्धि, १९६६ को धारा २५ र यसको सामान्य टिप्पणी नं. २५ तथा मानव अधिकार समितिले प्रतिपादन गरेका बिधिशास्त्र र नेपाल पक्ष भएका अन्य महासन्धिहरूले यस्तो दायित्वको सिर्जना गरेका छन् । यसका साथै व्यक्ति, समुह तथा समाजका अङ्गहरूको विश्वव्यापी रूपमा पहिचान प्राप्त मानव अधिकार र आधारभुत स्वतन्त्रताको अधिकार तथा जिम्मेवारी सम्बन्धी संयुक्त राष्ट्रसैंघ घोषणापत्र, १९९८ ले समेत दायित्व सिर्जना गरेको देखिन्छ । नेपालको संविधानले अङ्गिकार गरेको संसदिय शासन व्यवस्थामा प्रत्यक्ष रूपमा जनताबाट चुनिएका दलका र स्वतन्त्र तथा समानुपातिक प्रतिनिधित्वका आधारमा मनोनित प्रतिनिधिबाट संसद बन्दछ।वास्तविक रूपमा बहुदलिय व्यवस्थामा दलहरू नै संसदमा प्रतिनिधित्व गर्ने र सरकार समेत चलाउने जिम्मेवार संस्था हुन् । यसरी हेर्दा लोकतान्त्रिक प्रणालीमा राजनीतिक दलहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा देशको शासन सञ्चालनमा सहभागी हुने गर्दछन् । त्यसैले राज्यको तर्फबाट मानव अधिकार प्रतिको दायित्व निर्वाह गर्ने जिम्मेवारी उनीहरूलाई नै हुने गर्दछ । राजनीतिक दलका सदस्यहरू नै संसद वा सरकारमा निर्वाचित वा नियुक्त हुँदा उनीहरूले नै राजनीतिक शक्तिको प्रयोग गर्ने गर्दछन् । यस्तो अवस्थामा राजनीतिक दलका सदस्यहरू राज्यको हिस्सा बन्दछन् र राष्ट्रिय मानव अधिकार प्रणालीमा मानव अधिकारप्रतिको दायित्व पूरा गर्ने कर्तव्य पालक बन्दछन् । यसरी दलहरू मानव अधिकारको दायित्व पुरा गर्ने स्थानमा पुग्दछन् ।

**घोषणापत्रमा मानव अधिकार**

चुनावको घोषणापत्रमा मानव अधिकारका विषयलाई समावेश गर्ने अग्रणी मुलुकको रूपमा वेलायतलाई लिइन्छ । वेलायतमा जुलाई, २०२४ मा पछिल्लो आम निर्वाचन सम्पन्न भएको थियो । बेलायतमा राष्ट्रिय उद्देश्य प्राप्त गर्नका लागि राजनीतिक दलहरूले कस्ता विषयवस्तुलाई प्राथमिकतामा राखेर घोषणापत्र जारी भए भन्ने कुराको समिक्षा नै गर्ने प्रचलन रहेको छ । अन्य लोकतान्त्रीक मुलुकहरूले पनि यो परम्परा बसालेको पाइन्छ । नेपालमा यस्तो चलन हालसम्म रहेको पाइदैन। पहिलो कुरा त नेपालमा मानव अधिकारको विषयलाई विशिष्टिकृत रूपमा घोषणापत्रको प्राथमिकतामा नै पर्न गाह्रो छ । दोस्रो केही मानव अधिकार सम्बन्धी विषयवस्तु घोषणापत्रमा परेको खण्डमा पनि त्यसको समिक्षा तथा पुनरावलोकन गर्ने प्रचलनको जग बस्न नै सकेको छैन । नवयुवाहरूको आन्दोलन पछि दलहरू रूपान्तरण हुने क्रममा पनि रहेकाले मानव अधिकारका विषयवस्तु घोषणापत्रमा समावेश गर्ने कुरालाई प्राथमिकता दिनुपर्दछ । नेपाल सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभाको निर्वाचन तोकेको छ । निर्वाचन आयोगमा दल दर्ता भई नेपाल कानून अनुरूप मनोनयन दर्ताको प्रक्रिया पनि सम्पन्न भएको छ । यो निर्वाचन नवपुस्ताको आन्दोलन पछि हुन लागेकोले यसले विशेष महत्व बोकेको छ । आम नागरिकको अपेक्षा पनि त्यतिकै संवोधन गर्नुपर्ने अवस्था छ । अपेक्षाको संवोधनका लागि हरेक निर्वाचनमा दलहरूले घोषणापत्र जारी गर्ने गरेका छन् । केही दलहरूले आफ्नो घोषणापत्र सार्वजनिक गरेको भएता पनि धेरैजसो दलहरू घोषणापत्र लेखनको कार्यमा लागेका छन् । नागरिकसँग भोट माग्ने आधार घोषणापत्रलाई बनाउने गरिएको छ । घोषणापत्रमा मानव अधिकारका सवाललाई समावेश गर्दा हरेक क्रियाकलापमा मानव अधिकारमुखी पद्धतिको अबलम्बन गरिने कुराको सुनिश्चितता गर्नु महत्वपूर्ण हुन्छ । नेपालको संविधान तथा कतिपय अन्य कानूनले पनि अधिकारमुखी पद्धतिको अवलम्बन गरिने कुरालाई उल्लेख गरेकोले यो विषय दलहरूको घोषणापत्रको अभिन्न अङ्ग बन्नुपर्दछ । विकासमा मानव अधिकारमुखी पद्धतिको अवलम्बन नहुँदा वर्षेनी विकासका कारण निम्तिएको विपद् र विनासका कारण कैयौ नागरिकको ज्यान सम्म जाने, नीजि तथा सार्वजनिक सम्पतिको नास हुने, कैयौ मानिसहरू विस्थापित हुनुपर्ने लगायतका अधिकार उल्लैन हुनपुगेका छन् । संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन अवस्था पनि आशासित रूपमा हुन सकेको छैन।यसका साथै मौलिक हकको कार्यान्वयनमा पनि अधिकारमुखी पद्धतिको अवलम्बन हुन नसकेको देखिन्छ । स्वास्थ्यको अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएको छ, यसको कार्यान्वयनका लागि स्वास्थ्य बिमा कार्यक्रम लागु गरिएको छ । बिमा कल्याणकारी अबधारणामा आधारित सहुलियत मात्र हो, मौलिक हकको रूपमा उल्लेख गरिएको स्वास्थ्यको अधिकार त नागरिकले कुनै पनि शुल्क र अबरोध बिना नै उपचार पाउनु हो । यसरी नै आवासको हकलाई मौलिक हकको रूपमा संविधानत: सुनिश्चित गरिएको छ।तथापी कैयौ नागरिकहरू आवास निर्माणका लागि आफ्नै जमिन नभएर राज्यबाट नै गरिबको ट्याग रूपी परिचय पत्र बोकेर हिड्नुपर्ने अवस्था छ । कति नागरिकले त त्यो पनि पाएका छैनन् । कसैलाई गरिबको ट्याग भिराउने कुरा आफैमा मानव अधिकार उल्लैन हो । कोही पनि व्यक्ति जन्मदै गरिब वा धनी हुदैन, यो त राज्यले उपयुक्त, न्यायिक र समतामुलक रूपमा उपलब्ध स्रोतको वितरण नगर्दाको परिणाम हो । त्यसैले सामुहिक अधिकार नेपालको अहिलेको प्राथमिकताको विषय हो । नेपाल अन्तराष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ को पक्ष राष्ट्र हो तथापी यो महासन्धि अनुरूप घरेलु कानून नबन्दा सामुहिक अधिकारमा प्रतिकुल प्रभाव परिरहेको छ । यस्ता विषयहरू दलका प्राथमिकताका विषय बन्नुपर्दछ । कतिपय अधिकारमा आधारित नभएका हाम्रा अभ्यासलाई संसोधन/परिमार्जन गरि अधिकारमा आधारित बनाउँदै लैजानुपर्दछ । आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारमा पहुँच संघीयताको कार्यान्वयन पछि स्थानीय तहसम्म पुगेका हाइड्रो पावर, सडक निर्माण, पुर्वाधारको विकास लगायतका विकास आयोजनाहरूले हजारौ मानिसहरूसँग स्वतन्त्र, सुसूचित र पूर्व सहमति नलिने तथा उचित क्षतिपूर्ति समेत नदिँदा सिमान्तकृत समुदायका नागरिक विस्थापित हुनुपर्ने बाध्यता रहेको छ । विकासमा सहभागिता, प्रतिफलको उपभोग गर्ने अधिकारको सुनिश्चितता, विकासबाट पीडितहरूका लागि उचित क्षतिपूर्ति तथा पर्याप्त र सुरक्षित पुनर्वासको समाधान खोज्ने कार्य निर्वाचित जनप्रतिनिधिहरूको हो । दलहरूले घोषणापत्रमार्फत नै यस्ता विषयको संवोधन गर्न सक्नुपर्दछ । ग्रामीण महिलाहरूलाई प्रसूति सेवा र आवश्यक गुणस्तरीय स्वास्थ्य सेवाहरूमा प्रभावकारी पहुँच, गरिबीको रेखामुनी रहेका नागरिकलाई गुणस्तरीय स्वास्थ्य, शिक्षा तथा रोजगारीमा सहज पहुँच सुनिश्चित गर्नुपर्दछ । यसका साथै राउटे, कुसुण्डा समुदायको मुलप्रवाहीकरण, चेपाङ, बोटे, मुसहर समुदाय जस्ता सिमान्तिकरणमा रहेका सबै समुदायका आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको सुनिश्चितता गर्नु जरुरी रहेको छ। नेपाल आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को पक्ष राष्ट्र पनि हो । कारागार तथा बाल सुधार गृह सरकारी अधिकारीहरूको अथक प्रयासको बावजुद पनि कैदीबन्दीहरू अझै पनि भीडभाड भएका कक्षहरूमा बस्नु र सुत्नुपर्ने अवस्थाको अन्त्य हुन सकेको छैन । कारागार तथा बाल सुधार गृहको भिडलाई कम गर्न अन्तिम सुनुवाई पुर्व थुनामा राख्ने कुरालाई अन्तिम उपायको रूपमा मात्र प्रयोग गर्ने कुराको पालना गर्ने र न्यायिक कारवाहीको प्रक्रियालाई तीव्र बनाउनुपर्दछ । कैदीबन्दीहरूको पिउने पानी र सरसफाइमा पहुँच सुधार गर्नु पनि आवश्यक देखिन्छ । यसका साथै पर्याप्त सुविधा तथा योग्य स्वास्थ्यकर्मी कर्मचारी सहितको स्वास्थ्य सेवाको व्यवस्थालाई प्रभावकारी बनाइनुपर्दछ । कैदीबन्दी तथा कानूनको द्वन्द्वमा परेका बालबालिका, कारागार र बाल सुधार गृहहरू नेपालमा प्राय: दलहरूको नजरमा पर्ने गरेको देखिदैन । अन्तमा, वेलायतलाई विधिको शासन र लोकतन्त्रको जननी मुलुक मानिन्छ । लोकतन्त्र र विधिको शासनमा मात्र मानव अधिकारको संरक्षण र संवर्धन हुने गर्दछ । दलहरूको चुनावी घोषणापत्र मानव अधिकार संस्कारको विकासका लागि महत्वपूर्ण औजार हो । कुनै पनि देशको वृहत् लक्ष्य नै मानव अधिकार संस्कृतिको निर्माण र मानव अधिकार संस्कारको विकास गर्नु हो । दलहरूले घोषणापत्र मार्फत मानव अधिकार संस्कृति निर्माणको उद्घोष गर्न सक्नुपर्दछ । यसका लागि दलहरूको घोषणापत्र अधिकारमुखी बन्नुपर्दछ । हाम्रो जस्तो विकासोन्मुख मुलुकका लागि अन्तराष्ट्रिय सम्बन्ध विस्तारको एक नरम शक्ति भनेको मानव अधिकार पनि हो।त्यसैले पनि दलहरूले यसलाई प्राथमिकता दिनैपर्दछ ।

***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४


**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : काममा अलि दौडधुप बढ्न सक्छ। साथीसँगको सहयोगले काम सजिलो हुनेछ। | **तुला** : सम्बन्धमा समझदारी बढ्ने दिन हो। मिलेर काम गर्दा राम्रो नतिजा आउनेछ। |
| **वृष** : मन खुसी रहनेछ। अड्किएको काम बिस्तारै अघि बढ्ने संकेत छ। | **वृश्चिक** : गोप्य योजना सफल हुन सक्छ। विवादबाट टाढा रहनु राम्रो हुन्छ। |
| **मिथुन**: भेटघाट र कुराकानी धेरै हुन सक्छ। नयाँ चिनजानबाट फाइदा हुने सम्भावना छ। | **धनु** : यात्रा वा नयाँ कामको मौका आउन सक्छ। नयाँ कुरा सिक्ने अवसर प्राप्त हुनेछ। |
| **कर्कट** : मन अलि भावुक हुन सक्छ। परिवारको सहयोको निर्णय लिन मद्दत गर्नेछ। | **मकर** : धैर्य गरेर काम गर्दा राम्रो नतिजा आउनेछ। वरिष्ठको सल्लाह उपयोगी हुनेछ। |
| **सिंह** : नेतृत्व क्षमता देखाउने मौका मिल्न सक्छ। मेहनतको फल पाइने संकेत देखिन्छ। | **कुम्भ** : नयाँ विचारले काममा ऊर्जा थप्नेछ। नयाँ योजनामा ध्यान दिनु राम्रो हुन्छ। |
| **कन्या** : राम्रो प्रगति हुनेछ। आर्थिक कुरा मिलाउनको लागि दिन राम्रो रहनेछ। | **मीन** : मन अलि संवेदनशील हुन सक्छ। खर्च नियन्त्रणमा राख्दा फाइदा हुनेछ। |

## कला मनोरञ्जन

# जटाधारी 'हिरण्य' बनेका प्रवीण



छरपष्ट जटा, शरीरभरि खरानी, हातमा रुद्राक्षको माला र आँखामा रहस्यमय आक्रोश । फिल्म 'शिवांश'को अघोरी पात्र 'हिरण्य'को हुलिया हो यो । यो अघोरी पात्र यही हो भनेर चिन्न मुस्किलै पर्छ । त्यो पात्र बनेका हुन् अभिनेता प्रवीण खतिवडा । प्रवीण ती कलाकार हुन्, जो पर्दामा आउँदा चरित्रको गहिराइ लिएर आउँछन् । चम्किलो र चकलेटी अनुहारमा होइन, अभिनयको वजन र गहिराइका कारण उनी चिनिन्छन् । 'शिवांश'को 'हिरण्य' अघोरी चरित्र हो । केही दिनअघि फिल्मको ट्रेलर सार्वजनिकसँगै बाहिर आएको यो गेटअपले दर्शकमा फिल्मप्रति कौतूहलता जगाएको छ । हुन त कुनै पनि पात्रको बाहिरी आवरण (गेटअप)ले मात्रै अभिनयलाई पूर्णता दिँदैन, तर 'शिवांश'को हकमा उनको लुक्सले नै आधा कथा भनिसकेको आभास हुन्छ । अघोरी अवतार किन र केका लागि ? प्रवीणका अनुसार 'शिवांश'को कथा हिन्दु पौराणिक कथा र समुद्र मन्थनको प्रसङ्गमा आधारित छ । समुद्र मन्थनका क्रममा उछिट्टिएको एउटा शक्तिशाली 'शिला' (ढुङ्गा) को खोजीमा फिल्मको कथा घुमेको छ । सुरूमा यो पात्रलाई एउटा सामान्य 'लट्ठु' पात्रको रूपमा हेरिएपनि निर्माण पक्षसँग आफ्नो छलफलले अघोरी पात्र बनेको प्रवीण बताउँछन् । 'पात्रलाई आध्यात्मिक र रहस्यमय बनाउने उद्देश्यले 'अघोरी'को रूप दिइएको हो,' उनी भन्छन् । अघोरीको गेटअप तयार गर्न उनले निकै मिहिनेत गर्नुपर्‍यो । यसअघि नाटक 'रसमन'मा उनले यस्तै प्रयोग गरेको भए पनि त्यतिबेला कपाल लामो भएकाले जटा (डेडलक) बनाउन सजिलो भएको थियो । 'शिवांश'को सुटिङका बेला कपाल छोटो भएकाले जटा बनाउनु निकै चुनौतीपूर्ण भयो । यो गेटअप तयार गर्न उनकी जीवनसङ्गिनीले घरमै बिहान-बेलुका समय दिएर सहयोग गरेको उनी सुनाउँछन् । फिल्म आगामी शुक्रबार (फागुन १) बाट प्रदर्शनमा आउँदैछ । फिल्मबाट उनी आशावादी छन् । फिल्म सुन्दर बनेको उनको बुझाइ छ । महाशिवरात्रिको अवसर पारेर प्रदर्शनमा आउन लागेको भएकाले फिल्ममा शिवको कथामा हुनसक्ने अनुमान गर्न सकिन्छ । 'शिवांश'लाई केवल एउटा हिन्दु फिल्मको रूपमा मात्र संकुचित गर्न नबिल्ने बताउँछन् । 'यो आफ्नै माटोको कथा हो, जसमा हिन्दु मिथक जोडिएको छ । सबै धर्म र संस्कृतिका मानिसले यसलाई एउटा मौलिक नेपाली फिल्मको रुपमा पाउँछन्,' उनी भन्छन् । फिल्म रिलिजमा आउँदै गर्दा उनी अहिले गृहजिल्ला मोरङको घरदैलो कार्यक्रममा छन् । फिल्मको प्रचारका लागि उनी घरदैलोमा होमिएका होइनन् । उनी चुनावी प्रचारका लागि घरदैलो गरिरहेका हुन् । 'मोरङ-१ बाट उनका बुबा प्रतिनिधिसभाको प्रत्यक्षतर्फ उम्मेदवार बनेकाले सघाउन उनी घरदैलो कार्यक्रममा हिँडेका हुन् । कतिले चुनाव जित र हारको खेलका रूपमा हेर्छन् । उनी यसलाई जनताको भावना बुझ्ने अवसर भन्छन् । 'जनताको भावना के छ भन्ने बुझ्दा फिल्ममा पनि काम लाग्छ', उनी भन्छन्, 'पब्लिकको मनोविज्ञान बुझ्नु एउटा कलाकारका लागि ठुलो कुरा हो ।' चुनावमा गाउँ-बस्ती डुल्दै गर्दा बुझेको राजनीति र समाजको गहिराइ भोलिका दिनमा अभिनयमा काम लाग्ने उनी बताउँछन् । सन्तोषकुमार आत्रेय निर्देशित फिल्ममा प्रवीणले निर्वाह गरेको 'हिरण्य' नकारात्मक (खलपात्र) चरित्र हो । रोचक कुरा के छ भने खलपात्र भएका कारण उनले नगर्ने भनेर १० पटकभन्दा बढी अफर अस्वीकार गरेका थिए । तर सम्बन्धका कारण नगरी सुखै पाएनन् । 'समाजमा अभिनयको प्रभावबारे जसले गहिरो चिन्तन गर्छ, उसलाई नकारात्मक पात्र निभाउनुअघि धेरै सोच्नुपर्ने हुन्छ', प्रवीण पात्र अस्वीकार गर्नुको कारण खुलाउँछन्, 'म सानी छोरी हुर्काउँदै गरेको मान्छे । भोलि मेरो चरित्रले समाजमा कस्तो धारणा बनाउला र मेरी छोरीले कस्तो मानसिक दबाब झेल्नुपर्ला भन्ने कुराले मलाई झस्काउँछ ।' यसअघि 'लुट'को होस् वा 'ढुवानी'को मानव तस्करको भूमिका । दुवै भूमिकाबाट दर्शकको कडा प्रतिक्रिया खेपेको उनी सुनाउँछन् । 'ढुवानी'पछि त कतिपय मानिसले मलाई साँच्चिकै केटी बेच्ने दलालकै नजरले हेर्न थाले', उनी अगाडि भन्छन्, 'काठमाडौँमा हामी बौद्धिक कुरा गर्छौं, तर गाउँका फ्रेस मान्छेहरूले पर्दाको पात्र र वास्तविक मान्छेलाई छुट्याउन सक्दैनन् । गाउँकाले तँ दलालै होस् भनेर घृणा गर्दा मनमा चोट लाग्दो रहेछ ।' यही छविबाट बच्न उनले 'शिवांश'को नकारात्मक पात्रलाई अघोरीको आवरणमा ढालेका हुन् । मान्छेले प्रवीण नराम्रो होइन, त्यो अघोरी चाहिँ खराब हो भन्ने बुझुन् भन्ने अभिप्राय: उनको छ । प्रवीण रङ्गमञ्चबाट फिल्ममा भित्रिएका कलाकार हुन् । लामो समय गुरुकुल र थिएटरमा बिताएका उनी आज पनि नाटकबाट टाढा रहन सक्दैनन् । फिल्ममा व्यस्त रहँदा रहँदै पनि उनले केहीअघि नाटक 'बहादुरपुरको दन्त्यकथा'मा अभिनय गरे । नाटकको केन्द्रीय भूमिकामा उनी थिए । उनका लागि नाटक र फिल्म दुवै कर्म हो । सिकाइ र बुझाइको हिसाबले थिएटरलाई राम्रो मान्छन् । नाटक नगरी असल कलाकार बन्न नसक्ने उनी बताउँछन् । 'असल कलाकार हुन असल मान्छे हुनुपर्छ र असल मान्छे बनाउने काम नाटकले गर्छ', उनी भन्छन्, 'फिल्मले व्यावसायिकता, पैसा र ख्याति दिन्छ ।' नाटकले कलाकारको आत्मालाई जीवित राख्ने उनको धारणा छ । कलाकारिताबाट प्रवीणले के पाए, के गुमाए ? यो प्रश्नमा उनी निकै दार्शनिक सुनिन्छन् । कलाकारिताबाट उनले समाजले देख्ने ठाडो आर्थिक प्रगति र विलासी जीवन प्राप्त गरेका छैनन् रे । त्यसको दु:ख पनि उनलाई छैन । उनले जे पाएका छन्, त्यो धन सम्पति भन्दा मूल्यवान् छ । 'म त पल-पल नयाँ जिन्दगीहरू बाँचिरहेको छु । एउटै जीवनमा यति धेरै पात्रहरूको जिन्दगी बाँच्न पाउनु अरू पेसामा सम्भव छैन,' उनी सन्तुष्टि पोख्छन् । प्रवीण एक किसिमले आफूलाई भाग्यमानी ठान्छन् । किनभने उनी आफ्नो परिवारको छत्रछायामा रहेर राम्रो कलाकारिता गरिरहेका छन् । भौतिक सुखभन्दा अभिनयका पात्रहरूको अनुभूति नै उनको वास्तविक सम्पत्ति हो । यसले युगौंयुगसम्म पनि बचाएर राख्ने उनी बताउँछन् । *-रातोपाटी डटकम*

> *'समाजमा अभिनयको प्रभावबारे जसले गहिरो चिन्तन गर्छ, उसलाई नकारात्मक पात्र निभाउनुअघि धेरै सोच्नुपर्ने हुन्छ', प्रवीण पात्र अस्वीकार गर्नुको कारण खुलाउँछन्, 'म सानी छोरी हुर्काउँदै गरेको मान्छे । भोलि मेरो चरित्रले समाजमा कस्तो धारणा बनाउला र मेरी छोरीले कस्तो मानसिक दबाब झेल्नुपर्ला भन्ने कुराले मलाई झस्काउँछ ।*

# 'आ बाट आमा'ले उकास्यो बक्स अफिस



गत मंसिरदेखि नेपाली बक्स अफिस मौसमजस्तै चिसिएको थियो । यो बीचमा एक दर्जनभन्दा बढी फिल्म प्रदर्शनमा आए पनि कुनैले डेढ करोडमाथि कमाउन सकेका थिएनन् । यसले गर्दा फिल्म क्षेत्रमा निराशा छाएको थियो । अघिल्लो साता प्रदर्शनमा आएको पल शाह अभिनीत फिल्म 'आ बाट आमा'ले भने आशाको किरण छरेको छ । सोमबार चलचित्र विकास बोर्डले सार्वजनिक गरेको बक्स अफिस तथ्यांकमा फिल्मको ९ दिन (२४ माघ)सम्मको व्यापार ४ करोड ८० लाख ९० हजार ४८७ रुपैयाँ ग्रस देखिएको छ । आइतबारसम्म फिल्मले ५ करोड २० लाख रुपैयाँ ग्रस कमाइसकेको छ । गत शनिबार मात्र फिल्मले १ करोडमाथिको व्यापार गरेको थियो । यसरी हेर्दा बक्स अफिसमा फिल्म आक्रामक देखिएको छ । प्रचारसहित २ करोडको लागतमा बनेको 'आ बाट आमा'ले लगानी उठाएर नाफा कमाउन अझै १ करोड ग्रस (साढे ६ करोड) व्यापार गर्नुपर्छ । त्यो हुँदा मात्र फिल्म 'हिट' कहलिनेछ । फिल्मको व्यापारिक रफ्तार हेर्दा उक्त आँकडा टाढा देखिँदैन । दोस्रो सातामा पनि फिल्मको व्यापार सुखद रहेकाले यसले १० करोडमाथि कमाउन सक्ने प्रक्षेपण गरिएको छ । 'आ बाट आमा'ले उत्साहजनक व्यापार गर्दा पलको स्टारडम फेरि एकपटक उत्कर्षमा पुगेको छ । यस वर्ष ५ करोड कमाउने यो उनको दोस्रो फिल्म हो । यसअघि गत साउनमा प्रदर्शन भएको फिल्म 'मोहर'ले पनि ५ करोडमाथिको व्यापार गरेको थियो । यो हिसाबले पलका लागि २०८२ साल फलदायी सावित भएको देखिन्छ । अब फिल्ममा उनको माग र पारिश्रमिक बढ्ने निश्चित छ । चन्द्र पन्तको निर्देशनमा बनेको यस फिल्ममा पलसहित विपना थापा, प्रदीप रावत (गजनी भिलेन), साइग्रेस पोखरेल, उषा उप्रेती, सिम्रन पन्त, रचना गौतम लगायतको अभिनय रहेको छ । आमा र छोराको भावनात्मक सम्बन्धको कथामा आधारित फिल्ममा कृष्ण प्रसाद सुवेदी, ओमकार पन्त, प्रकाशजंग कुँवर,व प्रसाद न्यौपाने र क्षितिज ढुंगाना निर्माताको रूपमा छन् ।

*-फिल्मी खबर डटकम*

# 'मिस नेपाल नर्थ अमेरिका २०२६' को आवेदन खुला




न्यूयोर्क 'मिस नेपाल नर्थ अमेरिका २०२६' का लागि आवेदन खुला भएको छ । आयोजक ड्रीम्स युनिभर्सल एलएलसीले विज्ञप्तिमार्फत आवेदन खुला भएको जानकारी दिएको छ । यस वर्ष प्रतियोगिताको नारा छ- 'आकर्षणभन्दा पर, शालीनताको अँगालो : जहाँ हरेक अनुहारले एउटा कथा भन्छ ।' प्रतियोगितामा सहभागी हुन चाहने युवतीले फेब्रुअरी ९, २०२६ देखि आवेदन दिन सक्नेछन् । उत्तर अमेरिकामा बसोबास गर्ने नेपाली समुदायका प्रतिभाशाली युवतीलाई लक्षित गर्दै आयोजना गरिने यो प्रतियोगिता केवल सौन्दर्य प्रदर्शनमा सीमित नरहेर व्यक्तित्व, आत्मविश्वास, सामाजिक चेतना र नेतृत्व क्षमताको मञ्च बन्ने विश्वास लिइएको छ । विज्ञप्तिमा भनिएको छ, 'मिस नेपाल नर्थ अमेरिका एउटा यस्तो यात्रा हो जहाँ बाहिरी सुन्दरताभन्दा चरित्र, साहस र आत्मविश्वासलाई महत्व दिइन्छ । हरेक प्रतियोगीले आफ्ना सपना, संघर्ष र कथा मञ्चमा प्रस्तुत गर्ने अवसर पाउँछन् ।' प्रतियोगिताले विविधतालाई सम्मान गर्दै महिलालाई आफ्ना अनुभव र विचार खुला रूपमा व्यक्त गर्ने अवसर दिने लक्ष्य राखेको छ । कार्यक्रमबारे जानकारी दिँदै आयोजकले भनेका छन्, "यो एउटा त्यस्तो मञ्च हो जहाँ आत्मविश्वास, उद्देश्य र मौलिकता सबैभन्दा ठूलो शक्ति मानिन्छ । यहाँ सहभागी भएर हरेक युवतीले आफ्नो वास्तविक पहिचान देखाउन सक्छन् र सौन्दर्यको परिभाषालाई नयाँ ढंगले प्रस्तुत गर्न सक्छन् ।' 'मिस नेपाल नर्थ अमेरिका' विगतका वर्षमा पनि नेपाली डायस्पोराका युवतीका लागि लोकप्रिय प्लेटफर्मका रूपमा स्थापित भइसकेको छ । प्रतियोगिताले सहभागीलाई सार्वजनिक बोलचाल, नेतृत्व विकास, सामाजिक सेवामा संलग्नता र सांस्कृतिक प्रतिनिधित्वजस्ता क्षेत्रमा सशक्त बनाउँदै आएको छ । प्रतियोगिताको आधिकारिक वेबसाइटमार्फत आवेदन दिन सकिनेछ । आवेदन प्रक्रियाबारेको विस्तृत विवरण र मापदण्डहरू पनि त्यहाँ उल्लेख गरिएको छ । प्रतियोगिताको फिनालेको मिति भने तय हुन बाँकी छ ।

*-अनलाइन खबर डटकम*

# फागुन १५मा 'जाँड'




चलचित्र 'जाँड' आगामी फागुन १५ गतेदेखि देशभरका सिनेमा घरमा प्रदर्शनमा आउने भएको छ । सुकुलढोका मिडिया प्रालिको ब्यानरमा निर्माण गरिएको यस चलचित्रमा सानबी खतिवडा, पदम गुरुङ, कमला दाहाल, रमेश उप्रेति, मञ्जु श्रेष्ठ, सुवास गजुरेल, रमेश अधिकारी, लक्ष्मी तिमिल्सेना र स्मारिका खनाललगायत कलाकारको अभिनय छ । चलचित्रको कथा, पटकथा तथा संवाद सुनिलप्रसाद श्रेष्ठ/राजु शाह र राजेन्द्र भट्टले लेख्नुभएको हो । चलचित्रका निर्माता सुनिलप्रसाद श्रेष्ठ र राजेन्द्र शाह रहनुभएको छ भने निर्देशन राजु शाहले गरेका हुन् । चलचित्र 'जाँड'ले समाजमा मदिरा सेवन (जाँड) का कारण सिर्जना हुने नकारात्मक प्रभावलाई केन्द्रमा राखेको छ । निर्देशक राजु शाहका अनुसार जाँडले समाजमा कसरी व्यक्ति बदनाम हुन्छ, परिवारमा कस्तो असर पर्छ र जाँड खाने पुरुषलाई उसकी श्रीमती, छोरी तथा समाजले कस्तो दृष्टिले हेर्छ भन्ने यथार्थपरक विषयवस्तु चलचित्रमा उठान गरिएको छ । यस्तै, निर्माता सुनिलप्रसाद श्रेष्ठले चलचित्रले 'वंश धान्न छोरा नै चाहिन्छ' भन्ने समाजमा जकडिएर बसेको सोचलाई उजागर गर्दै विद्यमान कुसंस्कार र विभेदका विरुद्ध आवाज उठाएको बताए । उनका अनुसार चलचित्र मनोरञ्जनसँगै सामाजिक सन्देश दिन सफल हुने विश्वास लिइएको छ । सामाजिक यथार्थ र पारिवारिक संवेदनालाई पर्दामा उतारिएको चलचित्र 'जाँड' ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाउने निर्माण टिमको अपेक्षा रहेको छ ।

*-ईहिमालय टाइम्स डटकम*

# विज्ञानमा महिला पहुँचको दिवस मनाइँदै



**पाल्पा,** माघ २७/विज्ञानमा महिला पहुँचको अन्तर्राष्ट्रिय दिवस आज मनाइँदै छ । नेपालसहित संसारभर विज्ञानमा महिलाको भूमिका र योगदानको सम्झना गर्दै तथा खुसी साटासाट गरी यो दिवस मनाउने गरिएको छ ।

२२ डिसेम्बर २०१५ मा संयुक्त राष्ट्र संघको महासभाले संकल्प प्रस्ताव पारित गरेयता दिवस मनाउन थालिएको हो । ११ फेब्रअरीलाई विज्ञान र प्रविधिमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने महिला एवं युवतीहरूको सम्झना गरिन्छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा महिलाको पहुँच वृद्धि गर्नु दिवस मनाइनुको उद्देश्य हो । अहिलेको युग विज्ञान र प्रविधिको युग हो । अहिले दिनप्रतिदिन विज्ञानको महत्व अत्यन्त बढेको छ । विज्ञान तथा प्रविधिको क्षेत्रमा महिलाको पहुँच वृद्धि गर्न यस दिन विभिन्न कार्यक्रम हुने गर्दछन् । महिला समानताको लागि थुप्रै पहल संसारभरि नै हुने गर्दछ । तर, दिन प्रतिदिन विज्ञानको महत्व बढिरहेको हाम्रो युगमा यदि हाम्रा महिलाहरू विज्ञानमै पछाडी रहे भने, आउँदो समयमा के महिला सशक्तीकरण सम्भव छ त ? हामी मध्य धेरैले यो कुरा सोचेका छैनौ होला । त्यसै कारण हरेक वर्षको फेब्रुअरी ११ का दिन संयुक्त राष्ट्र संघले यो चिन्ताको विषयमा प्रकाश पार्न आजको दिन मनाउने गरेको छ । पछिल्लो समय नेपालमा महिलाहरू विज्ञान प्रविधि क्षेत्रमा अग्रसर भएको देखिए पनि नेतृत्व तहमा पछि नै छन् । व्यवस्थापनमा महिलाहरू अगाडि भए पनि विज्ञान प्रविधिका पक्षमा पर्याप्त अग्रता लिन सकेका छैनन् । समाजमा अझै पनि महिलाले सूचना प्रविधिसँग सम्बन्धित तथा प्राविधिक काम गर्न सक्दैनन् भन्ने मान्यता व्याप्त छ । सरकारको योजनाबद्ध कार्यक्रम तथा डिजिटल साक्षरताको कमीले अझै पनि यो क्षेत्रमा महिलाहरू पछाडी नै छन् । दुर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच कम रहेकाले त्यहाँका महिलाको अवस्था झनै दयनीय छ ।

## भ्यालेन्टाइन सप्ताह...

...त्यसअघिका ६ दिन अर्थात् भ्यालेन्टाइन सप्ताहमा पहिलो दिन फेब्रुअरी ७ रोज डे, फेब्रुअरी ८ प्रपोज डे, फेब्रुअरी ११ प्रमिस डे, फेब्रुअरी १२ हग डे, फेब्रुअरी १३ किस डे र अन्त्यमा फेब्रुअरी १४ ‘भ्यालेन्टाइन डे’ अर्थात् प्रेम दिवस मनाइन्छ । ‘भ्यालेनटाइन विक’ हरेक वर्ष फेब्रुअरी ७ तारिखदेखि सुरु भएर १४ तारिखसम्म मनाउने गरिन्छ । प्रेम आफैंमा एक सुन्दर शब्द हो । अङ्ग्रेजी क्यालेन्डर अनुसार फेब्रुअरी १४ अर्थात् आजको दिन प्रणय दिवस मनाउने चलन छ । पछिल्लो समय सबै उमेर समूहमा प्रेम दिवसले छुट्टै स्थान बनाएको देखिन्छ । सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमदेखि बजारका धेरै मलहरु प्रणय दिवसका लागि विशेष रुपमा सजाइएका छन् । होटल, रेस्टुरेन्ट, मल, पार्कलगायत विभिन्न ठाउँमा गुलाबको फूल, रङ्गीबिरङ्गी टेडी बियर, बेलुन र विभिन्न रङ्गीन बत्तीको सजावटले शहर बजार केही दिनअघिदेखि नै रङ्गीन र आकर्षक देखिएका छन् ।

## पाल्पाको क्षेत्र नम्बर–२ मा...

...निर्वाचन परिचालन समिति पाल्पाका संयोजक तथा लुम्बिनी प्रदेश सांसद विरबहादुर रानाले अहिले जनताको बिचमा जाने र आफ्नो भूमिका देखाउने अवसर रहेकाले सोही अनुसार लाग्न सबै नेता कार्यकर्ताहरुलाई आग्रह गरे । उनले मुलुकको स्थायित्वको लागि काँग्रेसको विकल्प नरहेको समेत बताए । काँग्रेसले युवालाई अगाडि सार्ने नीतिअनुसार गगन थापालाई युवा नेताको रूपमा अगाडि बढाएको र भावी प्रधानमन्त्री बनाउने योजनाका साथ अघि बढेको उनले उल्लेख गरे ।” पार्टीको नेतृत्व अब युवाको काँधमा पुगेकाले आम मतदाताले एक पटक कांग्रेसलाई विश्वास गर्न जरुरी छ”, रानाले भने । अहिले पाल्पाका दुवै क्षेत्रमा काँग्रेसका उर्जाशिल युवाहरुलाई काँग्रेसले उम्मेदवार बनाएकाले गाउँ गाउँका मदतादाहरुमा उत्साह छाएको उनले बताए । क्षेत्र नम्वर २ का उम्मेदवार हिमालदत्त श्रेष्ठले देशलाई संकटबाट बचाउन काँग्रेसलाई जिताउन मतदातासँग आग्रह गरे । युवाहरूलाई स्वदेशमै अवसर सिर्जना गरी विदेशमा पाइने सुविधा र सम्मान यहीँ उपलब्ध गराउन सकिने उनले बताए । प्राकृतिक सम्पदाले भरिपूर्ण नेपालमा पर्यटन, कृषि र जलविद्युतको क्षेत्रमा छिट्टै फड्को मार्न सकिने भन्दै उनले शिक्षा, स्वास्थ्य, पर्यटन, उद्यमशीलता र पूर्वाधार विकास आफ्नो प्राथमिकता रहेको उल्लेख गरे ।उनले विपिको सपना पूरा गर्ने गरी आफुले काम गर्ने बताए । उम्मेदवार श्रेष्ठले भिजन टेनको अवधारणा अनुसार घोषणपत्र तयार गर्न लागिएको उल्लेख गरे । उनले आफुलाई विजयी बनाए जेन्जीको भावाना अनुसार काम गर्ने बताए । नेता श्रेष्ठले मित्रवत् व्यवहार र आर्थिक मितव्यिताको नारा आगाडि सारेको भन्दै सोही अनुसार निर्वाचनमा होमिएको उल्लेख गरे । काँग्रेस पाल्पाका कार्यवाहक सभापति झपेन्द्र गहिरेले काँग्रेसको पक्षमा जनलहर आएको भन्दै उत्साहका साथ निर्वाचनमा होमिन नेता कार्यकर्ताहरुलाई आग्रह गरे । कार्यक्रममा क्षेत्रीय सभापति मुक्तिराम जिसीले ४८ साल फिर्ता गर्ने गरि अहिले मतदातामा उत्साह छाएको बताए । उनले काँग्रेस उम्मेदवारलाई विजयी बनाउन सबै लाग्ने बताए । नेता जिसीले आम मतदाताहरुसँग सुझाव संकलन, मतदाताहरुमा आइपर्ने समस्याहरुको समाधान, छलफल लगाएका कामहरु कार्यालयबाट हुने बताए । उनले कार्यालयलाई व्यवस्थित बनाई क्षेत्रका हरेक गतिविधिहरु सञ्चालन गरिने बताए । कार्यक्रम क्षेत्रीय सभापति जिसीको अध्यक्षता,क्षेत्रिय सदस्य मिना थापाको स्वागत र सचिव कृष्ण आलेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

### खेलकुद समाचार

## टी–२० विश्वकपमा पाकिस्तानले भारतसँग खेल्ने



**मुम्बई,** माघ २७/टी-२० विश्वकपको समूह चरणको खेलमा पाकिस्तानले भारतसँग खेल्ने भएको छ । यसअघि पाकिस्तान सरकारले भारतसँगको खेल नखेल्ने घोषणा गरेको थियो । तर त्यसपछि भएका निरन्तरका छलफलबाट सोमबार बेलुका पाकिस्तान सरकार र आईसीसीबाट एकैसाथ खेल्ने निर्णय भएको विज्ञप्तिमार्फत जानकारी दिएका छन् । प्रतियोगिताको व्यावसायिक केन्द्रबिन्दु मानिने यी दुई देशबीचको खेल यहि फेब्रुअरी १५ तारिख अर्थात् आउँदो आइतबार कोलम्बोमा हुनेछ । छलफलबाट भारतमा खेल्न अस्वीकार गरेको कारण टी-२० विश्वकप बहिष्कार गरेको बङ्गलादेशलाई कारबाही नगर्ने पनि निर्णय भएको छ । पाकिस्तानका प्रधानमन्त्री शेहबाज शरीफले यस विषयमा श्रीलङ्काका राष्ट्रपति कुमारा दिसानायकेसँग पनि कुरा गरेको थिए । आईसीसीले पनि वार्ता सफल भएको बताएको छ । आईसीसी र पीसीबी बीचको वार्ता दुवै पक्षले रचनात्मक व्यवहारको आवश्यकतालाई स्वीकार गर्दै र इमानदारी, तटस्थता र सहयोगका साथ खेलको सर्वोत्तम हितको सेवा गर्ने आफ्नो आकांक्षामा एकताबद्ध, प्रतिबद्ध र उद्देश्यपूर्ण रहेको व्यापक संलग्नताको अंशको रूपमा भएको विज्ञप्तिमा उल्लेख गरेको छ ।

### पेन्सनपट्टा हराएको सूचना

मिति २०८२ पुस २ गतेका दिन पाल्पाको बगनासकाली गाउँपालिकाको यम्घादेखि तानसेनतर्फ आउँदै गर्दा दुर्गादेवी न्यौपानेको नाममा रहेको निम्न व्यहोराको पेन्सन पट्टा (पारिवारीक निवृतभरण अधिकार पत्र) हराएको र खोजतलास गर्दा समेत नभेटिएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम :** दुर्गादेवी न्यौपाने
**ठेगाना :** साविकको यम्घा-४, पाल्पा हाल तासेन नगरपालिका–२, पाल्पा
**पेन्सन पट्टा नं. (अधिकारपत्र क्र.स.) :** 55452
**सम्पर्क नं. :** 9857060624

### अर्थ/कर्पोरेट समाचार

## नेप्से दोहोरो अङ्कले घट्यो




**काठमाडौं,** माघ २७/ साताको तेस्रो सेयर कारोबार दिन मंगलबार पनि नेपाल स्टक एक्सचेञ्ज (नेप्से) घटेको छ । सोमबार २६ दशमलव ५ अंकले घटेको नेप्से मंगलबार पनि घटेको हो ।

तेस्रो दिन नेप्सेमा दोहोरो अंकको गिरावट देखिएको छ । सो अवधिमा १० दशमलव २५ अंकले घटेर दुई हजार ६ सय ६२ दशमलव १४ को बिन्दुमा कायम भएको हो ।

नेप्से ओरालो लागेसँगै कारोबार रकममा पनि गिरावट आएको छ । सोमबार १० अर्ब बराबरको सेयर कारोबार भएकोमा यसदिन ८ अर्ब बराबरको मात्रै कारोबार भयो । ३२४ स्क्रिप्सको २ करोड १७ लाख १५ हजार ८६८ कित्ता सेयर ८ अर्ब ६१ करोड ६४ लाख १० हजार १३२ रुपैयाँमा खरिदबिक्री भए । सेयर बजार दोहोरो अंकले घट्दा कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन । कारोबार रकमका आधारमा अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट शीर्ष स्थानमा रह्यो। सो कम्पनीको ४५ करोड मूल्य बराबरको सेयर कारोबार भयो। आँखु खोला जलविद्युतले ४० करोडको सेयर कारोबार गर्दा रिडी पावरको ३८ करोड,युनियन हाइड्रोपावरको ३२ करोड र अरुण कावेली पावरको ३२ करोड मूल्य बराबरको सेयर कारोबार भयो । कारोबारमा आएकामध्ये ७४ वटा स्टक्सको मूल्य बढ्दा १७९ वटाको घट्यो । ७ वटा स्टक्सको मूल्य भने स्थिर रह्यो । म्युचुअल फण्ड र ट्रेडिङ समूहको सूचक बढ्दा बाँकी ११ वटा समूहको उपसूचक नकारात्मक देखिए ।

मनको आवाज............
‘नाम पनि यूनिक, काम पनि यूनिक’
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई